# स्थानीय राजपत्र

**छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित**

**खण्डः ४) छत्रकोट गाउँपालिका, मितिः २०७७/०९/०६ (संख्याः ८**

## भाग–२

## छत्रकोट गाउँपालिका, गुल्मी

### संवत् २०७७ सालको कार्यविधि नं. ८

### कार्यविधिको नाम : छत्रकोट गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रम संचालन कार्यविधि, २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७७/०९/०३

**प्रस्तावनाः**

छत्रकोट गाँउपालिकाभित्र कृषि/पशु सेवा शाखा मार्फत संचालन हुने कृषि/पशु विकास कार्यक्रमलाई व्यवस्थित,पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम छत्रकोट गाँउपालिका कृषि/पशु सेवा शाखाले “कृषि/पशु विकास कार्यक्रम संचालन कार्यविधि २०७७” तयार गरि लागू गरेको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "कृषि/पशु विकास कार्यक्रम संचालन कार्यविधि २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि छत्रकोट गाँउपालिका भर लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "अनुदान" भन्नले यस कार्यविधि अनुरुप संचालन गरिने कार्यक्रमको लागी कार्यालयबाट उपलब्ध गराईने रकमलाई सम्झनु पर्छ ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कृषक/फर्म/कम्पनी/समुह/सहकारी संस्थालाई सम्झनु पर्छ ।

(ग) "कम्पनी" भन्नाले व्यवसाय गर्न चाहने व्यक्ति वा समुहले प्रचलित कम्पनी कानुन अनुरुप दर्ता भएका संस्थालाई सम्झनु पर्छ ।

(घ) "कार्यक्रम" भन्नले यस कार्यविधिको दफा ५ मा उल्लेखित भएका क्रियाकलाप/कार्यक्रमलाई सम्झनु पर्छ ।

(ङ) "कार्यालय" भन्नले छत्रकोट गाउँपालिका गाँउ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(च) "कृषक समुह" भन्नाले कृषि पेशामा संलग्न भई साझा उद्देश्य आवश्यकता र चाहनाहरु भएका व्यक्तिहरु मिलेर सामुहिक प्रयत्नद्धारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न

स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ ।

(छ) "फर्म" भन्नाले प्रचलित कानुन अनुसार दर्ता भएको निजि क्षेत्रका व्यवसायी/उद्यमीको संस्था लाई सम्झनु पर्छ ।

(ज) "सहकारी" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको कृषि/पशु सम्बन्धी कार्य गर्ने संस्थालाई सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले यस कार्यविधिको दफा १२ अनुसार गठित कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ञ) "स्थानिय तह" भन्नाले छत्रकोट गाउँपालिकालाई सम्झनु पर्छ ।

**३. यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।**

(क) कृषि/पशु उत्पादन तथा उत्पादकत्व वृद्धि गरि खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने,

(ख) प्रविधि हस्तान्तरण मार्फत कृषि/पशु व्यवसाय लाई व्यवसायीकरण गरि आत्मनिर्भर, आधुनिक र प्रतिस्पर्धी बनाउने,

(ग) कृषि उपजको सरल र सुलभ बजार पहुँच बृद्धि गर्दै आयात प्रतिस्थापन गरि निर्यात प्रवर्द्धन गर्दै कृषकको आयस्तरमा सुधार गर्ने,

(घ) कार्यक्रमहरु व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्ने,

**४. सरोकारवाला निकायहरुः** यस कार्यक्रमलाई संचालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिम भूमिका हुनेछ ।

(क) कृषक/फर्म/कम्पनी/समुह/सहकारी संस्था अर्न्तगत एकल वा संयुक्त रुपमा कार्यालयबाट कृषि तथा पशु विकास कार्यक्रम संचालन हुनेछ ।

(ख) सम्वन्धित पशु शाखाले माग र आवश्यकता अनुसारका कार्यक्रम संचालन गर्ने छ ।

## परिच्छेद–२

## संचालित कार्यक्रमहरु

**५. कृषि/पशु विकास कार्यक्रमहरुको विवरण :** कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट परिधिभित्र रहि देहायबमोजिमका कार्यक्रमहरु हुनेछन् ।

| क्र.सं. | कार्यक्रम | मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कै. |
|---|---|---|---|---|---|
| १ | समग्र कृषि/पशु विकास कार्यक्रम संचालन | कार्यालयको आवश्यकता अनुरुप कार्यक्रम संग सम्बन्धित कागजातहरु | स्वीकृत कार्ययोजनाका कृयाकलापहरु | सामाग्री तथा अन्यसेवा खरीद गर्दा स्वीकृत गाँउपालिकाको दररेटको अधिनमा रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने, | |
| **क** | **वाली विकास कार्यक्रम** | | | | |
| १ | ५०%अनुदानमा बिउ वितरण (धान, गहुँ तथा मकै) कार्यक्रम | प्रचलित कानुन बमोजिम सुचना प्रकाशन/वडाले सिफारिस गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म,हुनु पर्ने,<br>● समुह, सहकारीमा आवद्ध नभएका कृषकले | विउ खरिद, ढुवानी तथा वितरण | उल्लेखित क्रियाकलापहरु ५०%अनुदानमा वार्षिक वजेटको परिधी भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने | |

| क्र. सं. | कार्यक्रम | मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कै. |
|---|---|---|---|---|---|
| | | न्युनतम मापदण्ड पुरागरेका कृषकले वडाको सिफारिसको आधारमा निवेदन दर्ता गराउन पाउने, | | | |
| **ख** | **वागवानी विकास कार्यक्रम** | | | | |
| १ | ५०% अनुदानमा तरकारी पकेट कार्यक्रम | प्रचलित कानुन बमोजिम सुचना प्रकाशन/वडाले सिफारिस गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म, | विउ विजन,विषादी,टनेल, स्प्रेयर,मल्चिङ्ग प्लाष्टिक हजारी,थोपा सिचाई, मल आदी वितरण । | उल्लेखित क्रियाकलापहरु ५०% अनुदानमा वार्षिक वजेटको परिधी भित्र रहि सार्वजनिक खरीद ऐन,नियमावली अनुसार गर्नु पर्ने | |
| २ | ५०% अनुदानमा आलु पकेट कार्यक्रम | प्रचलित कानुन बमोजिम सुचना प्रकाशन /वडाले सिफारिस गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म, | आलु विउ, विषादी,मल, स्प्रेयर आदि वितरण । | उल्लेख क्रियाकलापहरु ५० % अनुदानमा वार्षिक वजेटको परिधी भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने | |
| ३ | ५०% अनुदानमा कफि पकेट कार्यक्रम | • प्रचलित कानुन बमोजिम सुचना प्रकाशन /वडाले सिफारिस गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म, | कफि विरुवा वितरण,पल्पिङ्ग मेशिन,चुन,निलोतुथो, प्लाष्टिक ड्रम,तथा जैविक बिषादी,कम्पस्ट मल,वितरण तथा खाडल खन्ने, नर्सरी तथा वेर्ना उत्पादन आदि | उल्लेख क्रियाकलापहरु ५० % अनुदानमा वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने | |
| ४ | ५०% अनुदानमा फूल खेती कार्यक्रम | • प्रचलित कानुन बमोजिमसुचना प्रकाशन | स्प्रेयर,कैची,प्लाष्टिक क्रेट लगायत खरिद, पुष्प नर्सरी स्थापना | उल्लेख क्रियाकलापहरु ५० % अनुदानमा | |

| क्र. सं. | कार्यक्रम | मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कै. |
|---|---|---|---|---|---|
| | | /वडाले सिफारिस गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म,<br>● खेती गरिने पुष्पको प्रजाती र जात बजारको माग बमोजिम हुनेछ<br>● बाझो रहेको खेती योग्य जग्गालाई प्राथमिकता दिइने, | गर्ने।<br>बीउ/वेर्ना,प्लाष्टिक छापो,<br>मलखाद,आदि खरिद। | वार्षिक वजेटको परिधि भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने , | |
| ५ | १००%अनुदानमा खाडल खनेका कृषकलाई फलफुल विरुवा वितरण कार्यक्रम | ● प्रचलित कानुन बमोजिम सुचना प्रकाशन /वडाले सिफारिस गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म,<br>● व्यक्तिगतरुपमा पनि कृषकले निवेदन दर्ता गराउन पाउने | ● विरुवा खरीद,ढुवानी तथा वितरण<br>● कृषकले खाडलको तयारी विरुवा वितरणको एक महिना अगवै गर्नु पर्ने, | उल्लेख क्रियाकलापहरु १०० % अनुदानमा वार्षिक वजेटको परिधी भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने | |
| ६ | असिना पिडित किसान लाई अनुदान कार्यक्रम | ● आर्थिक वर्ष ०७७०७८ मा रहेका असिना पिडित कृषकहरुको तथ्यांक अनुसारप्राविधिक मूल्यांकनको | फोटो तथा मोवाईलमा भिडियो र वडाको सिफारिस अनिवार्य हुनुपर्ने | उल्लेख क्रियाकलापहरु २५% अनुदानमा वार्षिक वजेटको परिधी भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली | |

| क्र. सं. | कार्यक्रम | मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कै. |
|---|---|---|---|---|---|
| | | आधारमा | | अनुसार गर्नु पर्ने, | |
| ८ | कोभिड १९ का कारण विदेश वाट (भारत लगायत)फर्केका युवाहरु लाई उत्पादन सामाग्रीमा अनुदान कार्यक्रम | • प्रचलित कानुन बमोजिम सुचना प्रकाशन गर्नु पर्ने<br>• कोभिड १९ का कारण फर्केको युवाहरुको प्रमाणित साथ सिफारिस सम्वन्धित वडाले गर्नु पर्ने,<br>• भारत बाहेकको देशहरुको हकमा पासपोर्टको प्रतिलिपि पेश गर्नु पर्ने,<br>• पेश निवेदनको आधारमा प्रविधिक अनुगमन तथा मुल्यांकन पश्चात कार्यपालिकाले निर्णय गरे लगत्तै सफल कृषकको नामावली प्रकाशन गरिने छ। | • तरकारी खेतीको लागी आवश्यक सामाग्री (विउ विजन,विषादी, मल टनेल,स्प्रेयर, मल्चिङ्ग प्लाष्टिक तथा स्प्रीडकलर आदी। खरीद गर्नु पर्ने,<br>• सामाग्री खरीद आ.व.०७७।०७८ को स्वीकृत दररेटको अधिनमा रहि गर्नु पर्ने, | • अनुदान रकम गा.पा.को ५०% तथा कृषकको सहभागिता ५०% हुनु पर्ने,<br>• एक जनाले कम्तीमा २ रोपनी जग्गामा तरकारी खेती गर्नु पर्ने, | |
| ९ | फलफुल विरुवा सम्भाव्यता अध्ययन (एभोकाडो, स्ट्रवेरी, किवि, ड्रगन फुट आदी) | • सम्वन्धित फलफुलको लागी सुहाउदो हावापानी भएको क्षेत्रको छनौट प्रविधिकले गर्ने छ,<br>• फलफुलको सम्भाव्यता अध्ययनको सम्पूर्ण | • फलफुल विरुवा खरीद तथा ढुवानी<br>• अन्य आवश्यक यन्त्र औजार आदी | • उल्लेख क्रियाकलापहरु १०० % अनुदानमा वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने, | |

| क्र.सं. | कार्यक्रम | मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कै. |
|---|---|---|---|---|---|
| | | क्रियाकलाप प्रविधिकको प्रत्यक्ष निगरानीमा हुनेछ, | | | |
| ग | **बाली संरक्षण कार्यक्रम** | | | | |
| १ | ५०% अनुदानमा च्याउ पकेट कार्यक्रम | • प्रचलित कानुन बमोजिम सुचना प्रकाशन/वडाले सिफारिस गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/ कृषि सहकारी वा निजी फर्म, | • च्याउ खेतीको लागी अवश्यक सामाग्री (च्याउ विउ, कालो प्लाष्टिक,प्लाष्टिक,रबर,प्लाष्टिक डोरी आदि) खरीद,ढुवानी तथा वितरण | • उल्लेख क्रियाकलापहरु ५०% अनुदानमा वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने, | |
| २ | ५०% अनुदानमा मौरी पकेट कार्यक्रम | • प्रचलित कानुन बमोजिम सुचना प्रकाशन /वडाले सिफारिस गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म, | • मौरी पालन सम्बन्धी आवश्यक सामाग्री(मौरी घार, मह मदानी,आधार चाका, क्वीन गेट, आदी) खरीद, ढुवानी तथा वितरण | • उल्लेख क्रियाकलापहरु ५०% अनुदानमा वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने, | |
| ३ | प्लाष्टिक पोखरी निमार्ण कार्यक्रम | • प्रचलित कानुन बमोजिम सुचना प्रकाशन गर्नु पर्ने<br>• सेवाग्राहीले निवेदन,जग्गाको लालपुर्जा तथा नागरिकताको फोटोकापी साथै वडाको सिफारिस पेश गर्नु पर्ने,<br>• पेश निवेदनको आधारमा प्रविधिक | • पोखरीको लागी प्लाष्टिक खरीद,ढुवानी तथा वितरण | • उल्लेख क्रियाकलापमा पोखरी खनेको लाई आधा मानी ५०% अनुदानमा प्लाष्टिक उपलब्ध गराउन वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने, | |

| क्र. सं. | कार्यक्रम | मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कै. |
|---|---|---|---|---|---|
| | | अनुगमन तथा मुल्यांकन पश्चात कार्यपालिकाले निर्णय गरे लगत्तै सफल कृषकको नामावली प्रकाशन गरिने छ। | | | |
| **घ** | **कृषि प्रसार कार्यक्रम** | | | | |
| १ | कृषकको मागको आधारमा तालिम कार्यक्रम | • कृषकको अवश्यकता तथा मागको आधारमा तालिम कार्यक्रम संचालन गरिने छ,<br>• वडा कार्यालयको सिफारिस पेश गर्नु पर्ने छ,<br>• तालिम कार्यक्रममा कृषक सहभागिता एक ग्रुपमा २५ भन्दा बढी हुने छैन्। | • तालिम कार्यक्रम सैद्धान्तिक तथा प्रयोगातमक वा दुबै हुन सक्नेछ, | • शतप्रतिशत रकम गा.पा. ले व्यहोंने छ | |
| २ | पशु विमामा ५०% अनुदान कार्यक्रम | • उपलब्ध गराउनु पर्ने कागजात( पशु बिमा गरेको कागजातको प्रतिलिपी,वडाको सिफारिस,नागरिकता तथा जग्गाको लालपुर्जा को प्रतिलिपी | • पशु बिमा गरेका कृषक लाई बिमा गरे वापतको खर्च रकमको ५०%उपलब्ध गराईने छ, | • ५०% अनुदान रकम उपलब्ध गराईने छ,। | |
| ३ | माटो परिक्षण शिविर | • प्रचलित कानुन बमोजिम सुचना प्रकाशित गर्नु पर्ने,<br>• माटो परिक्षण | • माटो परिक्षण (अम्लिय, क्षरिय, नाईट्रोजन, फास्फोरस तथा पोटास) आदी गर्नु | • उल्लेख क्रियाकलापहरु १०० % अनुदानमा वार्षिक वजेटको | |

| क्र. सं. | कार्यक्रम | मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कै. |
|---|---|---|---|---|---|
| | | गराउने कृषकको नामावली वडा ले सिफारिस गराउनु पर्नेछ , | पर्ने, | परिध भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने, | |
| ४ | पशुसम्वन्धि भकारो सुधार | • प्रचलित कानुन बमोजिम सुचना प्रकाशन /वडाले सिफारिस गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म, <br>• वडाको सिफारिसको आधारमा व्यक्तिगत रुपमा पनि कृषकले आवेदन दर्ता गराउन सक्ने | • प्राविधिक इस्टेटमेन्ट बमोजिम कार्य गर्नुपर्ने । | • उल्लेख क्रियाकलापहरु ५० % अनुदानमा वार्षिक वजेटको परिधी भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने, | |
| ५ | लागत साझेदारीमा भैसी प्रबर्द्धन कार्यक्रम | • प्रचलित कानुन बमोजिम सुचना प्रकाशन /वडाले सिफारिस गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म, <br>• वडाको सिफारिसको आधारमा व्यक्तिगत रुपमा पनि कृषकले आवेदन दर्ता गराउन सक्ने | • भैसि वितरण | • उल्लेख क्रियाकलापहरु ५० % अनुदानमा वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने | |

| क्र. सं. | कार्यक्रम | मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कै. |
|---|---|---|---|---|---|
| ६ | राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली वस्तुको साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन | • प्रचलित कानुन बमोजिम सुचना प्रकाशन गर्ने<br>• वडाको सिफारिसमा व्यक्तिगत रुपमा पनि कृषकले आवेदन दर्ता गराउन सक्ने | • वडाले सिफारिस गर्नुभन्दा अगाडी दर्ता भएका कृषक समूह वा / कृषि सहकारी वा/ निजी फर्म | • अनुदान रकम गा.पा.को ५० प्रतिशत तथा कृषकको ५० प्रतिशत हुनुपर्ने | |
| ७ | संभाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तीमा ५ जना समूहमा प्रविधि हस्तान्तरण | • कृषकको आवश्यक तथा मागको आधार र संभाव्यताको आधारमा कार्यक्रम संचालन गरिनेछ। | • कार्यक्रम सैद्धान्तिक तथा प्रयोगात्मक दुवै गर्नुपर्ने | • अनुदान रकम गा.पा.को ५० प्रतिशत तथा कृषकको ५० प्रतिशत हुनुपर्ने | |
| ८ | साना कृषि औजार तथा यन्त्र उपकरण अनुदान | कृषकको आवश्यक तथा मागको आधार र संभाव्यताको आधारमा कार्यक्रम संचालन गरिनेछ | | अनुदान रकम गा.पा.को ५० प्रतिशत तथा कृषकको ५० प्रतिशत हुनुपर्ने | |
| ९ | केरा उत्पादन कार्यक्रम | कृषकको आवश्यक तथा मागको आधार र संभाव्यताको आधारमा कार्यक्रम संचालन गरिनेछ | | अनुदान रकम गा.पा.को ५० प्रतिशत तथा कृषकको ५० प्रतिशत हुनुपर्ने | |
| १० | व्यवसायीक कृषक लक्षित कार्यक्रम | कृषकको आवश्यक तथा मागको आधार र संभाव्यताको आधारमा कार्यक्रम संचालन गरिनेछ | | अनुदान रकम गा.पा.को ५० प्रतिशत तथा कृषकको ५० प्रतिशत हुनुपर्ने | |

| क्र. सं. | कार्यक्रम | मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कै. |
|---|---|---|---|---|---|
| ११ | उखु उत्पादनमा आधारित अनुदान | कृषकको आवश्यक तथा मागको आधार र संभाव्यताको आधारमा कार्यक्रम संचालन गरिनेछ | | अनुदान रकम गा.पा.को ५० प्रतिशत तथा कृषकको ५० प्रतिशत हुनुपर्ने | |
| १२ | कृषि औजार खरिद तथा वितरण कार्यक्रम | कृषकको आवश्यक तथा मागको आधार र संभाव्यताको आधारमा कार्यक्रम संचालन गरिनेछ | | अनुदान रकम गा.पा.को ५० प्रतिशत तथा कृषकको ५० प्रतिशत हुनुपर्ने | |

## परिच्छेद–३

## कार्यकम संचालन प्रक्रिया

६. **समुह वा ठाउँको छनौट :–** कार्यकम संचालनको लागी कृषक समुह वा ठाउँको छनौट सम्वन्धीत वडा कार्यलयले वा वार्षिक कार्यकममा उल्लेख भए अनुसार गर्नु पर्नेछ ।

७. **माग संकलनः–** कृषकलाई आवश्यक पर्ने उत्पादन सामाग्रीको माग संकलन प्रविधिकको सहयोगमा कृषकहरु स्वयंले छनोट गरे बमोजिम हुनेछ, सो को निवेदन वडा कार्यालय मार्फत कृषि तथा पशु शाखामा पेश गर्नुपर्नेछ ।

८. **जनसहभागिता रकम :–** छनौट भएका समुह,सहकारी वा कृषकहरुले सम्वन्धित कार्यकमको लागी गा.पा.ले माग गरेको कोटेशन स्वीकृत पश्चात ५०% रकम छत्रकोट गाँउपालिकाको खातामा जम्मा गर्नुपर्नेछ।

९. **सामाग्री खरीद प्रकियाः–**सम्पूर्ण खरीदकार्य सार्वजनिक खरीद ऐन तथा नियमावलीको अधिनमा रहि गर्नु पर्नेछ ।

**१०. कार्य सम्पन्न सिफारिसः–** कार्य सम्पन्नको सिफारिस सम्वन्धित वडाले गर्नु पर्नेछ ।

**११. भुक्तानी प्रक्रिया :–** कार्यालय मार्फत सामाग्री खरीद भई आएको पसल/फर्म/कम्पनीको नाम बैंकिङ प्रणालीद्वारा (५०% गा.पा. तथा ५०% जनसहभागिता रकम एकमुष्ठ) भुक्तानी गर्नु पर्नेछ ।

## परिच्छेद–४

## समिति सम्वन्धी व्यवस्था

**१२ कार्यक्रम व्यवस्थापन समितिः–** (१)कार्यक्रम कार्यन्वयन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको कार्यक्रम व्यवस्थापनसमितिरहनेछ । :–

क) उपाध्यक्ष - संयोजक
ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ग) योजना शाखा प्रमुख - सदस्य
(घ) स्टोर शाखा प्रमुख - सदस्य
(ङ) कृषि वा पशुशाखा प्राविधिक - सदस्य
च) सम्वन्धित वडाको वडा अध्यक्ष - सदस्य
(ङ) कार्यक्रम संचालन गर्ने विषयगत शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) कार्यक्रम संचालनको लागी कृषि तथा पशु शाखालाई जिम्मेवारी तोक्ने,
(ख) कार्यक्रमको अनुगमन गर्ने र प्रभावकारी कार्यन्वयनका लागी सरोकारवाला लाई राय सुझाव दिने,

## परिच्छेद–५

## विविध

**(१) बाधा अड्चन, निरुपण र संसोधन :**

(१) यस कार्यविधि कार्यन्वयनमा बाधा, अड्चन वा विवाद भएमा सो को निरुपण गाँउपालिकाले गर्नेछ ।

(२) यो कार्यविधिको आवश्यक संशोधन गर्नु परेमा गाँउपालिकाले गर्न सक्नेछ ।

स्वीकृत मितिः २०७७/०९/०६

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत